# मिति २०७१ आश्विन २७ र २८ गते आएको हिमपात र हिमपहिरोको घटना र तत्पश्चात् नेपाल सरकारबाट भएका खोज तथा उद्धार सम्बन्धी कार्यहरुको सम्बन्धमा गृह मन्त्रालयद्धारा आयोजित पत्रकार सम्मेलनमा प्रस्तुत विवरण

**१. घटना विवरणः**

बंगालको खाडीबाट शुरु भएको हुदहुद नामक सामुन्द्रिक आंधीका प्रभावले मिति २०७१ आश्विन २७ र २८ गते नेपालका अधिकांस स्थानमा वर्षा हुन पुगेको । सो वर्षाका कारण मुलुकका हिमाली र पहाडी भेगका मनाङ्ग, मुस्ताङ्ग,म्याग्दी, डोल्पा,कास्की,गोरखा लगायतका जिल्लाहरुमा हिमपात र हिउंपहिरोका घटना घट्न पुगेको । पदयात्राको उपयुक्त समय अक्टोबर महिनाको शुरुवातदेखि विश्वमा पदयात्राका लागि प्रख्यात अन्नपूण क्षेत्रमा सयौ स्वदेशी एवं विदेशी पर्यटकहरु पदयात्राका कममा सो क्षेत्रमा रहेका । अचानक आएको घटनामा परी सो क्षेत्रमा पदयात्रामा गएका सयौं पर्यटकहरु सम्पर्कविहिन भएको सूचना प्राप्त हुन आएको ।

२. घटनापूर्वको पूर्वचेतावनी र **तत्काल गरिएको प्रतिकार्यः**

सामुन्द्रिक आंधीका प्रभाव नेपालमा पनि पर्नसक्ने जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सूचना अनुरुप गृह मनत्रालयबाट सो को प्रतिकार्यका लागि आवश्यक पूर्व तयारी गर्न र घटनाबाट हुनसक्ने सम्भावित जनधनको क्षति रोक्न आवश्यक सावधानी अपनाउन सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन भइ सबै स्थानमा सुरक्षाकर्मीहरुलाई सतर्क अवस्थामा राखिएको । जसबाट घटनाको जानकारी हुनासाथै प्रभावित जिल्लाको स्थानीय प्रशासनबाट नजिकको सुरक्षा निकाय र जिल्ला सदरमुकाम समेतबाट तत्काल खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरु घटनास्थलतर्फ परिचालन गर्न सम्भव भएको ।

**३. प्रतिकार्यका लागि केन्द्र, क्षेत्र र जिल्लाबाट गरिएका कार्यहरुः**

हिमपात र हिउंपहिरोमा परी पर्यटकहरु सम्पर्कविहिन भएको सूचना प्राप्त हुनासाथ केन्द्रमा गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद व्यवस्थापन महाशाखा प्रमुखको नेतृत्वमा कमाण्ड पोष्ट स्थापना गरी खोज तथा उद्धार कार्यको समग्र सूचना संकलन र समन्वयको कार्य शुरुवात गरिएको । यसैगरी क्षेत्रीय स्तरमा क्षेत्रीय प्रशासक र जिल्लास्तरमा तत तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा कमाण्डपोष्ट स्थापना गरी खोज तथा उद्धार कार्यको समन्वय, सहजीकरण र सूचना प्रवाह भैरहेको । खोज तथा उद्धार कार्यका

लागि नेपाली सेना र निजी क्षेत्रका समेत गरी प्रत्येक दिन ८- ११ वटा हेलिकप्टर परिचालन गरिएको । नेपाली सेनाको हेलिकप्टरबाट सहसेनानी गुमान सिंह, किशोर अधिकारी र उहांहरुको टोलीबाट डोल्पा र मुस्ताङ्ग जिल्लाको सीमामा पर्ने मायाङ्गपास उचाई (१७०५० फीट ) मा  समेत उडान गरी साहसिक उद्धार कार्य भएको थियो । हेलिकप्टर परिचालन समेतका कार्य प्रभावकारी बनाउन र उद्धार गरिएकाहरुको रेफरल सेवालाई सहजीकरण गर्न त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा आपतकालिन नियन्त्रण कक्ष स्थापना गरी सेवा सञ्चालन गरिएको ।

घटनाको गम्भीरता र यसको प्रतिकार्यका लागि उच्चस्तरबाट समन्वय गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१ आश्विन ३० गतेको बैठकबाट माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा श्रम तथा रोजगार मन्त्री, नेपाल सरकारका मुख्य सचिव, गृह सचिव र रक्षा सचिव सदस्य रहेको उच्चस्तरीय समिति गठन गरिएकोमा समिति सो कार्यमा निरन्तर रुपमा क्रियाशील रहेको छ ।

**४. क्षतिको विवरणः**

घटनामा परी हालसम्म मुस्ताङ्गमा २४, म्याग्दीमा ५, मनाङ्गमा ३, र कास्कीमा १ गरी ३३ जनाको दुःखद निधन भएको छ । प्राप्त जानकारी अनुसार मृतक मध्ये १७ जना नेपाली र १६ जना विदेशी (पोल्याण्ड-३, इजरायली-४, स्लोभाकियन-२, भारतीय-४, चाइनीज-१, जापनीज-१ र देश नखुलेको -१ जना ) नागरिक रहेका छन् । यी मध्ये ६ जना नेपाली र ६ जना विदेशीको शव आफन्त वा सम्बन्धित देशको दूतावासमा बुझाइ सकिएको छ । ११ जना नेपाली र १० जना विदेशीको शव त्रि. वि. शिक्षण अस्पतालमा राखिएको छ । शव आफन्त वा सम्बिन्धित देशको दूतावासमा बुझाउने कार्य जारी रहेको छ । म नेपाल सरकार गृह मनत्रालयको तर्फबाट घटनामा परी दःुखद निधन भएकाहरुप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली र शोक सन्तप्त परिवार एवं आफन्तजनप्रति हार्दिक सम्वेदना प्रकट गर्न चाहन्छु ।

घटनामा परी मनाङ्ग जिल्लामा ८ जना हराइरहेका छन् । वेपत्ता भएका ८ जना मध्ये ४ जना क्यानडेयीन,१ भारतीय र ३ जना नेपाली रहेका छन् । वेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको छ ।

खोज तथा उद्धारका क्रममा हालसम्म मनाङ्गबाट २६१, मुस्तङ्गबाट १४६, डोल्पाबाट ७१, गोरखाबाट ३३, कास्कीबाट ५ र म्याग्दीबाट २ गरी जम्मा ५१८ जना पदयात्राका लागि सो क्षेत्रमा गएका पर्यटक र तीनका सहयोगीहरुको जीवितै उद्धार गरी सुरक्षित स्थानमा

ल्याइएको छ । यसरी उद्धार गरिएकामा ३१० जना विदेशी र २०८ नेपाली रहेका छन् । विपदमा परेकाहरुको खोज तथा उद्धारका लागि मुस्ताङ्ग जिल्लामा तीन वटै सुरक्षा निकायका गरी १०० भन्दा बढी सुरक्षाकर्मी दैनिक परिचालन गरिएको छ भने मनाङ्ग जिल्लामा समेत नेपाली सेना नेपाल प्रहरी र अन्य सरकारी कर्मचारी समेत गरी १८० जना दैनिक परिचालन गरिएको छ । यस प्रकार यति ठूलो संख्यामा हिमपाल क्षेत्रबाट प्रभावितहरुको उद्धार गरिएको संभवत पहिलो घटना हो । उद्धार गरी ल्याइएका घाइतेहरुलाई विभिन्न स्थानमा उपचार गराइएकोमा केही स्वास्थ्य लाभ गरी आफ्नो गन्तव्यतर्फबाट गइसकेका छन् भने बांकी घाइतेहरुको उपचार भइरहेको छ ।

अन्तमा, अचानक आएको हिमपात र त्यसबाट सिर्जित विपदको सामना गर्नका लागि नेपाल सरकारबाट आवश्यक सबै श्रोत, साधन र जनशक्ति परिचालन गरी हाल खोज तथा उद्धार कार्य अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारको निरन्तरको प्रयास, स्थानीय प्रशासनको सुझबुझपूर्ण समन्वय र सुरक्षाकर्मीहरुको चुनौती सामना गर्ने प्रतिबद्धता सहितको निरन्तरको खटनको परिमाणस्वरुप नै आज हामीले विपदबाट हुन सक्ने थप जनधनको क्षति रोक्न सकेका हौं । कठिन भौगौलिक क्षेत्रमा यस प्रकारको सफल खोज तथा उद्धार अपरेशन सायदै अनुभव गर्न पाइन्छ । खोज तथा उद्धार कार्यमा खटिएका सरकारी निकाय, नेपाली सेना, नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल लगायतका सुरक्षा निकाय,यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरु,निजी क्षेत्रकाखोज उद्धारकर्मीहरु,स्थानीय समुदाय, अन्तराष्ट्रिय समुदायको सुझबुझपूर्ण धैर्यता र सामाजिक सञ्चार माध्यामको सहयोगबाट यस किसिमको विपदको सामना गर्न सकिएको हो ।आगामी दिनमा घट्नसक्ने विपदका समयमा समेत सम्बद्ध सबैबाट यसै प्रकारको सहकार्य र साझेदारीपूर्ण प्रयासको अपेक्षा गर्दछु ।

धन्यवाद ।